# **राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७४**

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।१२।०२

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ मा नियम ४८ थप** : राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ४७ पछि देहायको नियम ४८ थपिएको छ :-

"**४८. अनुसूचीमा हेरफेर :** आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

३. **मूल नियमावलीको अनुसुची-१ मा संशोधन :** मूल नियमावलीको अनुसूची-१ मा रहेको "निर्विरोध" भन्ने शब्द झिकिएको छ ।